परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक



'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल



❑ वर्ष १४ ❑ अंक ११ २०८२ असोज १९ आईतवार Sunday 5, OCT 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




दशहरा पूजा सम्पन्न : विजिया दशमीको अवसरमा विराटनगरको ट्रफिक चौककमा माता दुर्गाको प्रतिमा स्थापना गरी भव्यताका साथ पूजापाठ गरी मनाएका छन् । तस्वीर : श्याम सुन्दर सुतिहार

## भारीवर्षाको कारण जनजीवन प्रभावित

विराटनगर । देशभरमा भारी वर्षाका कारण जनजीवन प्रभावित भएको छ। भारी वर्षाका कारण नदीमा बाढीले कटान गरी धनजनको क्षति गरेको छ भने कतै पैरो खसेर वाटो अवरुद्ध भई आवतजावत नै बन्द भई यात्रुहरुको जीवन कष्टपूर्ण भएको छ।

देशभर बङ्गालको खाडीबाट आएको जलवाष्प युक्त हावा ( मनसुनी वायूको) प्रभाव रहेको छ। देशभर साधारणतया बदली रहने धरैठाउँमा भारी वर्षा हुने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ। सोही अनुसार गृह मन्त्रालयवाट सर्तक रहन सूचना जारी गर्दै २ दिन सार्वजनिक विदा समेत घोषणा गरी सकेको छ।

कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भू-भाग धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका पहाडी र तराई भू-भागका केही स्थानहरूमा मेघ गर्जन-चट्याङसहित मध्यम वर्षाको भएको छ। महाशाखाका अनुसार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका थोरै स्थानहरूमा तथा लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको जानकारी गराएको छ।

मधेश, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका एक-दुई स्थानमा धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ। त्यसैगरी शनिवार राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा अधिकांश बदली रही बाँकी प्रदेशमा साधारणतया बदली रहने महाशाखाले जनाएको छ। कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका अधिकांश स्थानहरूमा, लुम्बिनी प्रदेशका पहाडी र तराई भू-भाग धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका केही स्थानहरूमा मेघगर्जनरचट्याङ सहित मध्यम वर्षाको सम्भावना रहेको छ।

कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका केही स्थानहरूमा तथा मधेश प्रदेशलगायत लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा शनिवार वर्षाको कारण जनजीवन प्रभावीत बनेको छ।

कोशी प्रदेशको राजधानी विराटनगर, झापा, सुनसरी, धनकुट्टा, इलाम लगायतका पहाडी जिल्लाहरुमा समेत वर्षाले जनजीवन प्रभावित भएको छ। सुनसरी जिल्लाको कोशी नदीको पूर्वमा रहेको सुनसरी जिल्लाका चतरा, लौकही, उल्टी, हरिपुर, इटहरी र सुनसरी खोला सहितका क्षेत्रमा सशस्त्र प्रहरीले माइकिङ गरी सतर्क रहन जनाकारी गराएको छ।

अविरल वर्षाका कारण हुन सक्ने डुबान र क्षतिलाई मध्यनजर गर्दै जोखिम क्षेत्रमा निरन्तर सचेत गराउने कार्य जारी राखेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ गण हेड क्वाटर सुनसरीले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार सुनसरी सहित २० जिल्ला उच्च जोखिममा रहेका छन।

शनिवार राती भारीको चेतावनी दिदै १७ जिल्लामा रेड अलर्ट जारी गरेका छ।

वांकी अन्तिम पेजमा...

## श्रीमतीको हत्या गरेको आरोपमा श्रीमान पक्राउ

विराटनगर । श्रीमतिको हत्या गरेको आरोपमा श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ। दशैं पर्वको उपलक्ष्यमा मासु पकाउँदै गरेकी श्रीमति अनिसालाई उनका श्रीमान सुमन दाहालले काठको बटमले प्रहार गरी हत्या गरेका थिए।

सोमबार राती टाउको, नाक र कानमा प्रहारबाट गम्भीर घाइते भएकी अनिसालाई उपचारका लागि विराटनगर स्थित विराट टिचिङ अस्पताल पुऱ्याइए पनि डाक्टरले मृत घोषणा गरिएको थियो

पूर्व वडाध्यक्ष हिरा दाहालका अनुसार करिब दुई महिना अघि सुमनले अनिसालाई हलगडामा छोडेका थिए भने अनिसाले श्रीमानलाई नभनी खनारको आइसक्रिम पार्लरमा काम गर्दै कोठा सरेकी थिइन्। दशैं मान्न आएका श्रीमानले सो कुरा थाहा पाएपछि झगडा भई हत्या भएको उनले बताए।

घटनापछि स्थानीयले आरोपीलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए। प्रहरीका अनुसार घटनास्थल खनार प्रहरी चौकीदेखि करिब १ सय मिटर दक्षिणतर्फ पर्छ। सुमनमाथि थप अनुसन्धान भइरहेको सुनसरी प्रहरीली जनाएको छ।

## लागुऔषध गाँजा सहित तीन जना पक्राउ

विराटनगर । सुनसरी र मोरङबाट लागू औषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटनाको विवरण अनुसार सुनसरीको धरान-१७ स्थितबाट प्रतिबन्धित औषधी सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ। बुधवार अस्थायी प्रहरी चौकी रेल्वेबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोहि स्थानका २३ बर्षीय बुद्ध राईलाई ट्रामाडोल ९८ क्याप्सुल र डिकोलिक ९५ ट्याब्लेट सहित पक्राउ गरेको थियो।

त्यसैगरी सुनसरीको धरान-४ स्थितमा बिशेष सुचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर पिआइटी, इलाका प्रहरी कार्यालय धरान, भेडेटार र वडा प्रहरी कार्यालय धरानबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले प्लास्टिको बोरामा प्याक गरि राखेको लागू औषध गाँजा २ सय ७५ किलोग्राम सहित धनकुटा साँगुरीगढी गाउँपालि का- ८ का १९ बर्षीय बिवसन राईलाई नियन्त्रणमा लिएको थियो।

कोशी गाउँपालिका-५ स्थितबाट अस्थायी प्रहरी पोष्ट कटानले बेवारीसे अवस्थामा रहेको ४७ किलोग्राम गाँजा बरामद गरेको थियो। त्यसैगरी

वांकी अन्तिम पेजमा...


आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
नि:शुल्क न्यूरो OPD
समय: १२:00 बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा



- टाउको दुख्ने, टाउको भारी हुने
- हात खुट्टा दुख्ने, हात खुट्टा नचल्ने (Paralysis) हुनु
- हात खुट्टा गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
- हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
- घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
- मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
- खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
- (प्रष्ट आवाज नआउने)
- चक्कर लाग्ने, हिड्दा लड्ने
- मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
- कुराहरू बिर्सने, बेसुरका कुराहरू गर्ने



डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## वर्षाको ...

१७ वटा जिल्लामा मधेश प्रदेशका ८ वटा जिल्ला सप्तरी, सिरहा, धनुषा, महोतरी, सर्लाही, रौतहट, वारा र पर्सामा रेडअलट जारी छ। त्यसैगरी बागमतीको सिन्धुली, दोलखा, काठमाण्डौ, भक्तपुर, ललित पुर, मकवानपुर र चितवनमा रेडअलर्ट जारी गरेको छ।

त्यसैगरी अन्य जिल्लामा कोशी प्रदवेशको झापा, मोरंग, सुनसरी, इलाम धनकुट्टा, पाँचथर, तेह्रथुम, भोजपुर, खोटाङ, ओखलढुगां, सोलुखुम्बु जोखिममा रहेका छन्। सोमबार देखि मौसममा परिवर्त आउने जल तथा मौसम विज्ञान विभागले जानकारी दिएको छ।

## लागु औषध...

भोक्राहानरसिंह गाउँपालिका-२ बाट प्रहरी चौकी भोक्राहाले ट्रामाडोल (६८६ पत्ता) ६ हजार ८ सय ६० क्याप्सुल बरामद गरेको थियो।

बिराटनगर-११ बाट वडा प्रहरी कार्यालय बिराटनगरले उदयपुरको चौदण्डीगढी गाउँपालिका-४ की २१ बर्षीया इसिका मगरलाई ट्रामाडोल ४२ क्याप्सुल र डिकोलिक ६ ट्याब्लेट सहित पक्राउ गरेको थियो। पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।

## सवारी दुर्घटना तीनको मृत्यु

विराटनगर। पाँचथर कुम्मायकको कात्तिके डाँडामा भएको सवारी दुर्घटनामा परि ६ जनाको मृत्यु भएको छ। ६ जना घाइते भएका छन्।

ताप्लेजुङबाट सुनसरी तर्फ आउँदै गरेको मे १ ज ३०५५ नम्बरको बोलेरो गाडी शनिवार बिहान तमोर करि डोरमा दुर्घटना भएको थियो।

पाँचथरका प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले ३ जना महिला र ३ जना पुरुष गरी ६ जनाको मृत्यु भएको जानकारी दिएको थियो। घाइतेको धरानमा उपचार भइरहेको छ। दुर्घटनामा मृत्यु भएका र घाइतेको परिचय खुलेको छैन।

NO SMOKING

# कोशी प्रदेशका मुख्यमन्त्रीबाट दशैंको शुभकामना

विराटनगर। समृद्ध नेपाल, सुखी नेपाली“ को आकांक्षा पूरा गर्ने प्रेरणा मिलोस् भनी कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले विजयादशमी २०८२ को अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई सुख, शान्ति, समृद्धि, स्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गरेको छ।



मुख्यमन्त्री कार्कीले टीकाको शुभकामना दिँदै बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषताले सम्पन्न नेपालको ऐतिहासिक परम्परा र सामाजिक विविधताले आत्मसात गर्दै आएको पर्वले राष्ट्रिय एकता, आपसी सद्भाव र सामाजिक सहकार्यलाई अझ सबल बनाउन महत्वपूर्ण योगदान दिएको उल्लेख गरेको छ।

“विजयादशमीले दुष्टतामाथि सद्भाव र सत्यको विजयको सन्देश दिने उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले यस पर्वले ‘समृद्ध नेपाल, सुखी नेपाली’ को आकांक्षा पूरा गर्न सबै नेपालीलाई नयाँ उमंग र उर्जा प्रदान गर्ने अपेक्षा गरेको छ।

कार्कीले हालको राजनीतिक चुनौती, संवैधानिक मार्गदर्शन र सामाजिक विविधतालाई सम्बोधन गर्दै राष्ट्रिय एकता, लोकतन्त्र र गणतन्त्रलाई सुदृढ बनाउन सबै एकताबद्ध हुनुपर्नेमा जोड दिएको छ। उहाँले कोशी प्रदेश सरकार मौलिक परम्परा र सांस्कृतिक विविधताको संरक्षण र सम्बर्द्धनमा प्रतिबद्ध रहेको चर्चा गर्दै यस्ता पर्वले हामीबीचको भाइचारा र एकता बढाउने उल्लेख गरेको छ।

दशैंले नयाँ उमंग, उत्साह र राष्ट्रिय एकतालाई अझ सबल बनाई सबै नेपालीमा आपसी सद्भाव र समृद्धिको मार्ग प्रशस्त गर्ने मुख्यमन्त्री कार्कीको शुभकामनामा मन्तव्यमा उल्लेख छ।

## मानसिक स्वास्थ्य प्रति सचेत बनौं।

- निराश हुनु, - तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु, - बिना कारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक रोगका लक्षण हुन्

मानसिक समस्या निदानका लागि :

- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसंग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधीमा संलग्न होऔं,

आवश्यक परेमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं।

## हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त गर

स्वास्तिक आयल इन्ड्रष्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

## पूर्वाधार विकास कार्यालय
## विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन

## सम्पादकीय

# अविरल वर्षामा धनजनको क्षति

मुलुकमा शुक्रवार देखि अविरण वर्षा शुरु भएको छ। वर्षा मानव र कृषि कर्मको लागि वरदान भएपनि वर्षाले आफ्नो सिमान नाघेपछि त्यही वरदान वर्षा विनाशकारी रुपमा परिनत हुन्छ। वर्षा नभएकै कारण नेपालमा धानखेति कम मात्रमा भएको छ। समय विताएर भएको वर्षाले भएको धानखेती विनाश गर्नुका साथै मानवीय क्षति, भौतिक क्षति भएको छ। दुइ दिनको अविरल वर्षाको प्रकोपले बाढी, पहिरो र डुबानलाई बढाएको छ। यसले केवल भौतिक सम्पत्ति मात्र नष्ट गरेको छैन, मानव जीवन नै संकटमा पारेको छ।

अविरल वर्षाका कारण अहिले नदी कटान भई घर पस्न थालेका छन्। नदि किनारामा बसोवास गरेका मानिसहरु विद्यालयमा शरण लिन पुगेका छन्। सरकारले अविरल वर्षाका कारण देश भर दुइ दिने सार्वजनिक विदा समेत दिई सकेको छ भने यातायात अवरुद्ध भएको कारण वाटो घाटोमा अप्ठ्यारोमा परेकाहरुलाई खान र बस्न व्यवस्था मिलाउन मन्त्रालयले स्थानीय प्रशासनलाई निर्देशन दिएको छ। वर्षाका कारण खेतीयोग्य जमिन नष्ट हुन्छ, सडक तथा पुलपुलिया भत्किन्छन्, विद्यालयदेखि स्वास्थ्य संस्था सञ्चालनमा अवरोध पुग्छ। अझ मारमा पर्नेवाला त गाउँका गरिब तथा विपन्न वर्ग नै हुन्छन् जसले आफ्नो सानो सम्पत्ति गुमाउँछन् र पुनः उठ्न कठिन हुन्छ।

समस्या प्राकृतिक भए पनि यसको क्षति मानव निर्मित कमजोरीकै परिणाम हो। अव्यवस्थित बसोबास, वनविनाश, नदी किनारमा अतिक्रमण, नाला तथा ढल व्यवस्थापनमा बेवास्ता–यी सबै कारणले प्रकोप अझ गहिरो भएको छ। राज्यका तर्फबाट तत्कालीन उद्धारका प्रयास भए पनि दीर्घकालीन रणनीति र पूर्वतयारीको कमीले हरेक वर्ष हजारौं नागरिकलाई कठिनाइमा पारिरहेको छ। अविरल वर्षा रोक्न सकिन्न, तर यसबाट हुने क्षति अवश्य न्यूनिकरण गर्न सकिन्छ। वर्षाको प्रकोपलाई अवसरमा रूपान्तरण गर्न सक्छौं। यही मार्गदर्शनले आगामी पुस्ता सुरक्षित भविष्यतर्फ अघि बढ्न सक्नेछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष** (**इ,उ,ए,ओ,वा,वि,वु,वे,वो**) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को,ह**) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): **आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (**गु,गे,गो,सा,सी,सु,से,सो,द**) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# संविधान संशोधनको बहस र नेतृत्वको परिक्षा : जेन-जी आन्दोलन पछि राजनीतक स्थायित्वको खोज



रमेश कुमार बोहोरा

नेपालको राजनीतिक अस्थिरता झण्डै दुई दशकदेखि निरन्तर चलिरहेको छ। २०७२ सालमा संविधान जारी भए पनि त्यसको कार्यान्वयनका क्रममा उठेका विवाद, राजनीतिक अस्थिरता र जनस्तरमा देखिएको असन्तुष्टि अहिले फेरि तीव्र बनेको छ। संविधानले प्रदान गरेको अधिकार, संरचना र मूल्यका विषयमा राजनीतिक दलको असहमति र नेतृत्वको अस्थिरताले जनतामा गहिरो निराशा थपेको छ। भदौ २३ र २४ गते देशभरि उर्लिएको जेन-जी आन्दोलन त्यसको प्रत्यक्ष संकेत हो। युवापुस्ताको आक्रोश र असन्तोषले देशलाई गम्भीर राजनीतिक भुमरीमा ल्याएको छ। आन्दोलनको प्रारम्भिक माग भ्रष्टाचार नियन्त्रण, सरकारी कार्यशैलीमा पारदर्शिता र प्रशासनिक सरलीकरण थियो। तर आन्दोलन विस्तारै संवैधानिक संरचना र राजनीतिक संस्कारमै प्रहार गर्ने दिशामा उन्मुख भयो। सार्वजनिक सम्पत्तिमा आक्रमण, आगजनी र तोडफोडले अर्थतन्त्र लाई ठूलो धक्का पुगे पनि नागरिक समाज र विश्लेषकहरूले यसलाई केवल आक्रोशको विस्फोट होइन संवैधानिक विमर्शको संकेतको रूपमा लिएका छन्।

नेपालको संविधान लोक-तान्त्रिक मूल्यमा आधारित रहे पनि यसको कार्यान्वयनले बारम्बार प्रश्न खडा गरेको छ। संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिकाको भूमिकाप्रति जनतामा विश्वासको कमी देखिनु यसको प्रमुख उदाहरण हो। राजनीतिक दलहरूले संवैधानिक प्रावधानलाई आफूअनुकूल प्रयोग गरेको, शक्ति सन्तुलनभन्दा पद र भागबन्डामा ध्यान केन्द्रित गरेको आरोप बलियो छ। यही कारण अहिले संविधान संशोधनको बहस पुनः चर्किएको छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग, गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको आवश्यकता, संवैधानिक नियुक्तिमा पारदर्शिता र न्यायपालिकाको स्वतन्त्रता यी पाँच मुद्दा अहिलेको राजनीतिक बहसको केन्द्रमा छन्। तर समाधानको बाटो संविधानका शब्दमा मात्रै सीमित छैनल। राजनीतिक संस्कारमा सुधार र नेतृत्वको इमानदारिता नै मूल प्रश्न हो।

हालको संसदीय प्रणालीले प्रधानमन्त्रीलाई संसदको बहुमतमा आधारित बनाउँछ। दलको संसदीय दलको नेता वा बहुमत जुटाउन सक्षम सांसद प्रधानमन्त्री हुन्छन्। यो व्यवस्था जनप्रतिनिधित्वको आधारमा बनेको भए पनि राजनीतिक अस्थिरताले जनतामा निराशा छाएको छ। २०७२ सालदेखि आजसम्म सरकारले बारम्बार परिवर्तन भोगेको तथ्य यसलाई पुष्टि गर्छ। सुशील कोइरालादेखि केपी शर्मा ओलीसम्म र त्यसपछि आएका सरकारसम्म प्रधानमन्त्रीको सिट निरन्तर बदलिँदै गयो। मन्त्रिपरिषद् फेरबदलको संख्या अझै बढी रह्यो जसले नीति, नियम र सेवा वितरणमा निरन्तरता देखाएन जनताले राजनीतिक स्थिरताको अभाव मात्र होइन, नीतिगत अस्थिरता पनि भोगिरहेका छन्। योजनाहरू अधूरा छन् प्राथमिकताहरू बदलिँदै जान्छन् र नागरिकमा विश्वासको संकट गहिरिँदै गएका छन्। यही कारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग उठ्दै आएको हो। नागरिकलाई ठोस निर्णय लिने र नीति निरन्तरता दिने शक्तिशाली कार्यकारीको आवश्यकता महसुस भइरहेको छ।

तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कुनै रामबाण हो भन्ने ग्यारेन्टी छैन। स्थानीय तहमा प्रमुख वा अध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ। तर धेरै स्थानमा लोकप्रियतावादको आडमा व्यक्तिगत प्रभुत्व जमाउने प्रवृत्ति देखिएको छ। विश्वका उदाहरणले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी एकपटक सत्तामा पुगेपछि उसलाई हटाउन कठिन हुने देखाउँछन्। नेपाल जस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशमा कुनै कार्यकारीले विदेशी शक्तिको पक्षपोषण गरेमा त्यसलाई नियन्त्रण गर्न संसदसँग सीमित औजार मात्र रहनेछ। यो जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन समस्या प्रणालीमा मात्र होइन नेतृत्वको सोच, सक्षमता र नैतिकतामा पनि छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रत्यक्ष निर्वाचित नभए पनि स्थिर सरकार सञ्चालन गरिरहेका छन्। यसैले प्रत्यक्ष निर्वाचित प्रणाली ल्याउने कि नल्याउने भन्दा पनि जनप्रतिनिधिको जवाफदेहिता, इमानदारिता र राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्नु नै प्राथमिकताको विषय हो।

अर्को बहस गैरसांसदलाई मन्त्री बनाउने हो कि होइन भन्नेमा केन्द्रित छ। हालको प्रावधानअनुसार मन्त्री बन्न संसदको सदस्य हुनु आवश्यक छ। यसले कार्यपालिका र व्यवस्थापिकाबीच घनिष्ठ सम्बन्ध कायम राख्छ तर यो घनिष्ठता कहिलेकाहीं अस्वस्थ प्रतिस्पर्धामा बदलिन्छ। सांसदहरू मन्त्री बन्ने आकांक्षामा केन्द्रित हुन्छन् जसले नीति निर्माणभन्दा पनि सत्ता समीकरणलाई प्राथमिकता दिन्छ। प्रधानमन्त्रीले पनि पद सुरक्षित राख्न मन्त्रालय वितरणको खेल खेल्छन्। यसले पेशागत दक्षताभन्दा पनि राजनीतिक समीकरणलाई बढावा दिएको छ। यदि गैरसांसदलाई मन्त्री बनाउन सकिने व्यवस्था भए प्रधानमन्त्रीले पार्टीभित्रको दबाब भन्दा बाहिर गएर विषयविज्ञ र इमानदार व्यक्तिलाई मन्त्री बनाउन सक्थे। यसले नीति कार्यान्वयनमा पेशागत दक्षता ल्याउन सक्थ्यो। संसदले सरकारको निगरानी गर्ने अधिकार भने यथावत रहने थियो। तर संसदसँग प्रत्यक्ष सम्पर्क नभएका मन्त्रीहरूले नीतिगत कार्यान्वयनमा कठिनाइ भोग्न सक्ने जोखिम पनि छ। राजनीतिक वैधतामा प्रश्न उठ्न सक्ने भएकाले यस्तो प्रणालीलाई पाइलट प्रोजेक्टको रूपमा परीक्षण गरेर मात्र अगाडि बढाउनु उपयुक्त देखिन्छ।

अर्को बहस प्रदेश सरकारको खारेजी वा सुधारमा छ। २०७२ सालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा सरकार गठनको व्यवस्था गर्दै शक्ति विकेन्द्रीकरणको बाटो समातेको हो। तर पछिल्ला वर्षहरूमा प्रदेश सरकारलाई अनावश्यक खर्चिलो संरचनाको रूपमा चित्रण गर्ने प्रवृत्ति बढेको छ। सरकार बनाउने र गिराउने खेल, मन्त्री बन्ने होड, मन्त्रालयको अस्वाभाविक विस्तार र स्रोतको दुरुपयोगले जनस्तरमा असन्तोष बढेको छ। कतिपयले प्रदेश सरकारलाई केन्द्रको नक्कल मात्र देख्छन्। प्रदेश खारेज गर्नु औंलामा घाउ लाग्दा हात काट्ने जस्तै हो। संघीयता ल्याउनुको मुख्य उद्देश्य सिंहदरबार केन्द्रित शासनको अन्त्य र जनतालाई नजिकबाट सेवा पुऱ्याउनु हो। कर्णाली वा सुदूरपश्चिमका जनप्रतिनिधिले बजेट माग गर्न काठमाडौं धाउनुपर्ने अवस्था संघीयता आएपछि कम भएको छ। संघीयता खारेज गर्नु भन्दा सुधार गर्नु आवश्यक छ। प्रदेश मन्त्रिपरिषद्को आकार सीमित गर्ने, मन्त्रालयलाई प्रदेशको विशेषता अनुसार मात्र राख्ने, खर्च नियन्त्रण गर्ने जस्ता संवैधानिक सुधार जरुरी छन्। समस्या संघीयताको अवधारणामा होइन, त्यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# वर्षातको समयमा बाढी पहिरोबाट जोगिने उपाय

हरेक वर्ष वर्षातको समयमा बाढी, पहिरो र डुबानबाट ठूलो जनधनको क्षति हुने गरेको छ ।

मौसमी प्रकोप रोकथाम तथा नियन्त्रणमा सरकारी योजना सफल नहुँदा वर्षैपिच्छे मानवीय र भौतिक क्षति हुने क्रम रोकिएको छैन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पहाडमा पहिरो तथा तराईमा बाढी र डुबानको प्रमुख समस्या छ । तराईमा बाढी र डुबान रोकथाम तथा नियन्त्रण र पहाडमा पहिरो, नदी तथा खोलाको तटीय क्षेत्रको बस्ती व्यवस्थापन र विस्थापनमा सरकारी पहलको आवश्यकता छ । बढ्दो जनसंख्या, सडक आदि पूर्वाधार विकासका कारण पनि बाढी तथा डुबानजन्य समस्या बढेका छन् ।

कतिपय अवस्थामा पूर्वाधारहरू आफैं डुबान समस्या ल्याउने जोखिम तत्वका रूपमा विकसित भएको पाइन्छ । राज्यले चासोका साथ बाढी र पहिरोसित जुध्ने क्षमता विकाशमा ध्यान दिएको पनि देखिँदैन । बाढी तथा पहिरो पूर्वानुमानका साथै राज्यका अरू निकाय समुदाय, सुरक्षा आदिका क्षमता विकाश र विस्तार अपरिहार्य छ ।



सूचना प्रणाली दिगो र भरपर्दो भएपछि अरू संयन्त्रको पनि तदनुरूप क्षमता बढाइनुपर्छ। राज्यका निकाय, समुदाय र गाउँलाई नै क्षमतायुक्त बनाउनुपर्छ।बाढी आउँदा समुदायरगाउँका बासिन्दा सुरक्षित स्थानमा आउन सक्ने हुनुपर्छ । यसका लागि ठाउँ ठाउँमा यस्ता सुरक्षित स्थान निर्माण गरिनुपर्छ, जसमा खाद्यान्न, सफा पानी र बसोबासको पर्याप्त सुविधा होस् । राज्यका सबै संरचना उत्तिकै सबल भइदिएको भए यो जनधनको क्षति निकै कम हुनसक्छ । प्राकृतिक प्रकोपलाई रोक्न नसकिए पनि त्यसबाट सिर्जित मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सकिन्छ । त्यसतर्फ राज्यको ध्यान पुगेको देखिँदैन

बाढी पहिरोको बेला के कुरामा ध्यान दिने ?

- बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्नहोचो भूभागमा आवतजावत गर्न हुन्न ।
- गाउँ र बस्तीमा बाढी आयो भने उच्चो भूभागमा जानुपर्छ ।
- समूहमा बस्नुपर्छ ।
- उच्चो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ ।
- छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
- बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
- जल तथा मौसम पूर्वानुमान विभागले २४ सै घण्टा मौसमी गतिविधि अपडेट गरिरहेको छ ।
- सम्भव भएसम्म त्यो सूचना नियमित लिनुपर्छ ।
- सञ्चार माध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
- सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
- झरी पर्न थालेपछि कुन खोलामा कहिले बाढी आउँछ भन्ने बाढी पूर्वानुमान शाखाले अनुमान गर्छ र त्यही अनुसार सतर्क रहन सम्बन्धित जिल्लाका नागरिकलाई अपिल गर्छ । तर पहिरो कति बेला आउँछ भन्ने पहिले नै थाहा हुँदैन । तर पहिरोबाट पनि जोगिने उपाय भने छन् ।
- ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
- पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने सम्भावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
- आवतजावत कम गर्नुपर्छ ।
- घर भत्किएर जनधनको क्षति हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
- ठूलो पानी परिरहे जाग्राम बस्नुपर्छ ।

# बेवारिसे अवस्थामा अठार बोरा गाँजा प्रहरीद्धारा बरामद



विराटनगर । सुनसरीको कोशी गाउँपालिका-७ स्थितबाट बेवारिसे अवस्थामा १८ बोरा लागू औषध गाँजा प्रहरीले बरामद गरेको छ ।

चाडपर्व विशेष सुरक्षा अन्तरगत गस्ती गर्ने क्रममा शनिवार रातीको समयमा अस्थायी प्रहरी चौकी हरिपुरबाट खटिएको प्रहरी टोलीले कोशी गाउँपालिका-७ स्थित पुर्व पश्चिम लोकमार्गको सडक किनारामा १८ वटा प्लास्टिकको बोरामा प्याक गरी राखेको ६ सय ३७ किलो ४५ ग्राम गाँजा बेबारीसे अबस्थामा फेला पारी बरामद गरेको थियो ।

गाँजा बरामद भए संगै ओसार पसारमा संलग्न ब्यक्तिहरुको खोजतलास भईरहेको छ । त्यसै गरी उदयपुरको अस्थायी प्रहरी पोष्ट नेपालटारबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा सिराहा लहान नगरपालिका-१७ की लिला देवी रामलाई ६ किलो ८४६ ग्राम र लहान- ८ की अस्मिता रामलाई ५ किलो ६ ग्राम गाँजा सहित नियन्त्रण मा लिएको छ ।

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| सुधिर साफी | कुमारी बिभा यादव | बेचन प्रसाद मेहता |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| सुनिता रिमाल | अनिता कुमारी साह | आद्य नारायण चौधरी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| रोहणी आचार्य | रिमझीम कुमारी भगत | गफ्फार अन्सारी मियाँ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

हरिनगरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| श्री रविन्द्र कुमार महत | श्री नितु कुमार चौधरी | श्री जीबछ कुमार राय |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

# गौरी बहादुर कार्कीलाई जिम्मेबारी मुक्तगर्न नेकपा एमाले कोशीको माग

विराटनगर । जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ को घटना सम्बन्धि जाँचबुझ गर्न गठित आयोगका अध्यक्ष गौरीबहादुर कार्कीलाई जिम्मेवारीमुक्त गर्न नेकपा एमाले कोशीले माग गरेको छ ।

अध्यक्ष कार्कीलाई जिम्मेवारी बाट मुक्त गरि निष्पक्ष र तटस्थ व्यक्तिहरु आयोगमा नियुक्त गर्न माग गरिएको हो । कार्कीले अध्यक्ष बन्नुअघि नै सबैजसो विषयमा निष्कर्ष निकाल्दै फैसला नै गरिसकेको व्यहोरा सामाजिक सञ्जालमा देखिएका प्रति एमाले कोशीले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।



अध्यक्ष गौरीबहादुर कार्की

आयोगका अध्यक्षको नेतृत्वमा भएका पछिल्ला कार्यशैली र निर्णयहरूले आयोगकै विश्वसनीयता र निष्पक्षता माथि गम्भीर प्रश्न उठेको जनाईएको छ । जाँचबुझ आयोगमा रहने व्यक्ति तटस्थ र निष्पक्ष हुनुपर्नेमा उहाँको जुन पक्षधरता देखिएको छ यसले विधिको शासनको खिल्ली उडाएको एमाले कोशीका अध्यक्ष घनस्याम खतिवडाले आज जारी गर्नु भएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पासपोर्ट रोक्का/रद्द गर्न सिफारिस गरेको विषयप्रति गम्भीर आपत्ति प्रकट गरिएको छ । विज्ञप्तिमा भनिएको छ,' देशभित्र आर्थिक संकट, बेरोजगारी, भ्रष्टाचार र जनजीविकाका सवाललाई सम्बोधन गर्न असफल सरकार अहिले प्रतिपक्षी नेतामाथि राजनीतिक प्रतिशोध लिने असंवैधानिक प्रयासमा लागेको भन्ने हाम्रो ठहर छ। अध्यक्ष ओलीजस्तो राष्ट्रिय नेता विरुद्ध गरिएको यस कदम लोकतन्त्र, न्याय र राजनीतिक संस्कृतिप्रति प्रहार हो ।'

भदौ २४ को विध्वंशकारी घटनामा संलग्न दोषीहरुलाई पनि जाँचबुझ आयोगको क्षेत्रधिकार भित्र पर्ने भन्दै कुनै कार्बाही अगाडी नबढाउनु भनेर गृह मन्त्रालयले नेपाल प्रहरीलाई गरेको निर्देशनले पनि सरकार र आयोगको भूमिका प्रष्ट पारेको एमाले कोशीले जनाएको छ ।

एमाले अध्यक्ष ओलीको पासपोर्ट रोक्का र रद्द सम्बन्धी सिफारिस तुरुन्त फिर्ता गर्न पनि माग गरिएको छ । जेनजी आन्दोलनको भावनालाई ध्यान दिदै नयाँपुस्ताको विचार सुन्ने, छलफल गर्ने जस्ता कार्यमा पार्टी कमिटीहरु क्रियाशील हुनपनि आव्हान गरिएको अध्यक्ष खतिवडाले बताउनु भयो । अरुण खवरबाट

# भदौ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले मोरङको इलाका प्रहरी कार्यालय रानीमा कार्यरत प्रहरी निरीक्षक कविन राईलाई भदौ महिनाको "सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी निरीक्षक कविन राईको कमाण्डमा खटिएको प्रहरी चेकिङ टोलीले भदौ २८ गते विराटनगर महानगरपालिका-१५ स्थितबाट बन्दाकोपी बोकेको मे.१ च ५८२६ नम्बरको बोलेरो गाडीमा लुकाई छिपाई राखेको २ सय ६२ किलो ५८० ग्राम गाँजा सहित संलग्न ३ जना मानिसलाई नियन्त्रणमा लिन सफल भएको थियो ।

त्यसै गरी विराटनगर महानगरपालिकाका विभिन्न स्थानहरूबाट चोरी भएको ल्यापटप-११ थान, मोटरसाइकल थान, अटो टेम्पो-३ थान, सिटी रिक्सा-१ थान, स्कुटर-४ थान, १२ भोल्टको ब्याट्री-१४ थान, इन्भटर-३ थान, सोफा-४ थान, फ्रिज-२ थान, एसी-१ थान, इलेक्ट्रीकल ओभेन-१ थान, स्टेनफेन-२ थान र इन्डक्सन चुलो-१ थान फेला पारी सम्बन्धित धनीलाई बुझाएको थियो ।



साथै विराटनगर महानगर पालिका-१३ र १५ स्थितबाट लागू औषध नियन्त्रण ब्यूरोसँगको समन्वयमा ३ सय ३७ ग्राम लागू औषध ब्राउनसुगर सहित कारोबारमा संलग्न ३ जनालाई नियन्त्रणमा लिन सफल भएको थियो ।

प्रहरी निरीक्षक राई प्रहरीद्धार सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८२ साल भदौ "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरिएको छ ।


हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

तेजिन्द्र गौतम — प्रमुख प्रशासकीय अधिकृत
सिता देवी राजवंशी — उपाध्यक्ष
देवराज चौधरी — अध्यक्ष

कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग, कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रोशन कुमार गुप्ता — प्रमुख प्रशासकीय अधिकृत
हन्ना सोरेन — उपाध्यक्ष
जितेन्द्र प्रसाद साह — अध्यक्ष

जहदा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रिता खतिवडा — प्रमुख प्रशासकीय अधिकृत
नसिमा बानो — उपाध्यक्ष
जिवछ प्रसाद गच्छदार — अध्यक्ष

धनपालथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रामराज पौडेल — प्रमुख प्रशासकीय अधिकृत
गुणावती देवी थारू — उपाध्यक्ष
नमो नारायण मांझी — अध्यक्ष

ग्रामथानगाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

## संविधान...

अर्को मुद्दा संवैधानिक नियुक्तिमा पारदर्शिता हो । निर्वाचन आयोगदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका निकाय लोकतान्त्रिक शासनका मेरुदण्ड हुन् । तर नियुक्ति प्रक्रियामा दलगत भागबन्डा, शक्ति सन्तुलन र राजनीतिक निकटतालाई आधार मानेर नियुक्ति हुने आरोप बलियो छ । तत्कालीन ओली सरकारले अध्यादेशमार्फत ५२ जना संवैधानिक पदाधिकारी नियुक्त गर्दा उठेको विवाद यसको उदाहरण हो । योग्य व्यक्तिलाई पाखा लगाएर दल नजिकका अनुहारलाई प्राथमिकता दिइएको धारणा छ । यस्ता विवादले संस्थाको विश्वसनीयता मात्र होइन लोकतान्त्रिक शासनको मेरुदण्ड कमजोर पार्छ । त्यसैले नियुक्ति प्रक्रियामा स्पष्ट मापदण्ड, सार्वजनिक सुनुवाइ र योग्यताको प्रमाणित आधारलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउने र नागरिकको विश्वास पुनःस्थापित गर्ने यही बाटो हो ।

अर्को बहस न्यायपालिकाको स्वतन्त्रतासँग सम्बन्धित छ । संविधानले न्यायपालिकालाई लोकतान्त्रिक शासनको मेरुदण्ड का रूपमा मान्यता दिएको भए पनि पछिल्ला वर्षहरूमा न्यायपालिका नै सर्वाधिक आलोचनाको केन्द्र बनेको छ । विवादास्पद फैसला, ढिलो न्याय र राजनीतिक प्रभावमा नियुक्त भएका न्यायाधीशहरूको कार्यशैलीले न्यायपालिकाको विश्वसनीयता कमजोर बनाएको छ । न्यायाधीश नियुक्तिमा दलगत सन्तुलन र व्यक्तिगत निकटता लाई प्राथमिकता दिइनु न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्छ । यसलाई रोक्न न्याय परिषद्को संरचना र कार्यशैलीमा सुधार अनिवार्य छ । भारतको कलेजियम प्रणाली जस्ता तुलनात्मक अभ्यासबाट सिकेर राजनीतिक हस्तक्षेप हटाउने व्यवस्था आवश्यक देखिन्छल। न्यायिक निर्णयमा समयबद्धता र गुणस्तर सुनिश्चित नगरेसम्म नागरिकले अन्य राज्य अंगमा भरोसा राख्न सक्दैनन् ।

जेन-जी आन्दोलनले देखाएको असन्तोष केवल तत्कालीन घटनामा सीमित छैन । यो नेपालको संवैधानिक अभ्यास र राजनीतिक संस्कृतिको गहिरो समस्या हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको बहस होस् वा गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको सुधार होस् वा संवैधानिक नियुक्ति र न्यायपालिकाको स्वतन्त्रता यी सबैको समाधान केवल संविधान संशोधनले मात्र सम्भव हुँदैन । मूल समस्या राजनीतिक नेतृत्वको निष्ठा, इमानदारिता र जवाफ देहितामा छ । अस्थिरता, पदलोलुपता र भागबन्डाको संस्कृतिले कुनै पनि संरचना कमजोर पार्छ । त्यसैले संवैधानिक सुधारसँगै राजनीतिक संस्कारको सुधार अपरिहार्य छ ।

नेपाल जस्तो बहु-विविधतायुक्त देशमा स्थायित्व ल्याउने उपाय संरचना खारेज वा प्रतिस्थापन मात्र होइन, संस्थागत अभ्यासलाई सुदृढ बनाउनु हो । संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिका सबैले आफ्नो अधिकार र दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र लोकतन्त्र बलियो हुन्छ । आजको मूल प्रश्न संविधानको प्रावधान होइन, संविधानप्रति राजनीतिक नेतृत्वको निष्ठा हो । आगामी यात्रामा नेपालको लोकतान्त्रिक स्थायित्व र राजनीतिक संस्कार दुवैमा सुधार गर्ने साहसिक निर्णय लिनु अपरिहार्य छ । नागरिकको आक्रोशले चेतावनी दिइसकेको छ संविधानको अक्षरलाई मात्र होइन यसको आत्मालाई सम्मान नगरेसम्म स्थिरता र समृद्धिको सपना अधुरै रहन्छ ।

नेपालको संविधान संशोधनको बहसले सतहमा उठाएका विषयहरू गहिरो छन् । प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना, गैरसांसद मन्त्रीको सवाल, प्रदेश सरकारको भविष्य, संवैधानिक निकायको नियुक्ति प्रक्रिया र न्यायपालिकाको स्वतन्त्रता यी सबैको जड राजनीतिक चरित्रमै छ । संविधानको आत्मा केवल कागजी प्रावधान होइन कार्यान्वयनको इमानदार अभ्यास हो । नेतृत्वले जनतालाई जवाफदेही र नीतिगत स्थिरता दिन सक्ने हो भने संविधानको संरचना आफैं बलियो बन्न सक्छ । नभए फेरि जुनसुकै संशोधन पनि असफल हुनेछ । जेन-जी आन्दोलनले दिएको चेतावनी यही हो सत्ता खेलभन्दा माथि उठेर देशको भविष्यका लागि इमानदार निर्णय लिनु नेतृत्वको पहिलो कर्तव्य हो ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# कोशी प्रदेश प्रहरी गणमा मौलापूजा सम्पन्न



विराटनगर । कोशी प्रदेश प्रहरी गण विराटनगर परिसरमा बिधिवत रुपमा मौलो पूजा सम्पन्न भएको छ ।

सोमवारबिहान शुभ साईतमा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले बिधिवतरुपमा मौलोमा पूजाअर्चना गर्नुका साथै सङ्कल्प पूजा गर्नु भएको छ । शुभ साईतमा भएको पूजा अर्चना कार्यक्रममा प्रहरी उपरीक्षकहरु लगायत सिनियर तथा जुनियर अधिकृतहरु र प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

संगठनको कार्य सम्पादनमा कुनै पनि किसिमको अनिष्ट नहोस र सम्पूर्ण कार्यमा सफलता प्राप्त होस भनि नेपाल प्रहरीले परम्परागत रुपमा मौलो पूजा गर्दै आईरहेको छ ।

हार्दिक मंगलमय शुभकामना
२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

तुलराज थामा मगर — प्रमुख प्रशासकीय अधिकृत
अमृता कुमारी गच्छदार — उपाध्यक्ष
जित नारायण थापा मगर — अध्यक्ष

बुढीगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

जय राज श्रेष्ठ — प्रमुख प्रशासकीय अधिकृत
श्री मनमाया मगर — उपाध्यक्ष
श्री सुमन मिरिङचिङ — अध्यक्ष

केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

हिरा कुमारी यादव — प्रमुख प्रशासकीय अधिकृत
भोला प्रसाद अधिकारी — उपाध्यक्ष
राजमति इङ्गनाम — अध्यक्ष

कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

विकेन पौडेल — प्रमुख प्रशासकीय अधिकृत
दिनेश पौडेल — उपाध्यक्ष
बबि कुमार राई — अध्यक्ष

मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल